मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल

# प्रदेश आयोजना बैंक सञ्चालन निर्देशिका, २०८१

**मधेश प्रदेश सरकार**

**प्रदेश नीति तथा योजना आयोग**

**जनकपुरधाम, नेपाल**

परिच्छेद - १

## प्रारम्भिक

प्रस्तावना: प्रदेशका आयोजना तथा कार्यक्रमहरूको पहिचान, विश्लेषण, प्राथमिकीकरण र छनौट प्रक्रियालाई सहभागितामूलक, तथ्यपरक र पारदर्शी बनाउन प्रदेश आयोजना बैंकको स्थापना तथा सञ्चालन गरी गुणस्तरीय, प्रभावकारी र अनुमानयोग्य विकास प्रशासन मार्फत प्रदेशमा दिगो, सन्तुलित तथा नतिजामुखी विकास गर्न वाञ्छनीय भएकोले प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नीति तथा योजना आयोगले यो निर्देशिका बनाई लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "प्रदेश आयोजना बैंक सञ्चालन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका मधेश प्रदेश भर लागु हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोग" भन्नाले मधेश प्रदेश नीति तथा योजना आयोगलाई सम्झनुपर्छ।

(ख) "आयोजना" भन्नाले प्रदेश सरकारको नीति तथा योजना कार्यान्वयन गर्नका लागि वार्षिक विकास कार्यक्रममा समावेश गरिएका कार्यक्रम तथा आयोजनालाई सम्झनुपर्छ । उक्त शब्दले संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमलाई समेत जनाउनेछ।

(ग) "आयोजना बैंक" भन्नाले आयोजना कार्यान्वयन गर्नुपूर्व आयोजनाको पहिचान, लेखाजोखा तथा विश्लेषण, छनौट र प्राथमिकीकरण प्रक्रियाद्वारा छनौट गरी बजेट विनियोजनका लागि योग्य आयोजनाहरूको सूचीलाई सम्झनुपर्छ। सो शब्दले प्रदेश योजना आयोगमा स्थापना गरिएको प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको आयोजना सूचीलाई समेत जनाउनेछ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको प्रदेश आयोजना बैंक निर्देशक समिति सम्झनुपर्छ।

(ङ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनुपर्छ।

मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल

(च) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश सरकार, मन्त्रिपरिषद सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारका मन्त्रालयलाई सम्झनुपर्छ। सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतलाई सम्झनुपर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## प्रदेश आयोजना बैंक सम्बन्धी व्यवस्था

३. आयोजना बैंकको स्थापना: (१) प्रदेशमा एक आयोजना बैंक स्थापना गरिनेछ। आयोगले विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा आधारित आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मुख्य निकायको रूपमा कार्य गर्नेछ।

तर सूचना व्यवस्थापन प्रणालीको स्थापना नहुँदासम्म आयोगले व्यवस्था गरेबमोजिम हुनेछ।

(२) यस निर्देशिका बमोजिमका प्रक्रियाबाट आयोजना बैंकमा आयोजना प्रविष्टि गर्ने तथा मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट, नीति तथा कार्यक्रममा समावेश गराउने जिम्मेवारी प्रदेशका सम्बन्धित विषयगत मन्त्रालयको हुनेछ।

४. आयोजना बैंकको व्यवस्थापन: (१) प्रदेश आयोजना बैंकको नियमित सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रदेशका विषयगत मन्त्रालयसँगको समन्वयमा आयोगले गर्नेछ।

(२) आयोजना बैंकको व्यवस्थापन सम्बन्धी कार्य गर्न आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यस प्रणालीलाई राष्ट्रिय आयोजना बैंक सूचना व्यवस्थापन प्रणाली तथा स्थानीय आयोजना बैंक प्रणालीसँग अन्तरआवद्धता कायम गर्न तथा सूचना आदानप्रदान गर्न आयोगले आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

५. निर्देशक समिति: (१) प्रदेश आयोजना बैंकको प्रभावकारी सञ्चालन सम्बन्धी आवश्यक मार्गदर्शन, नियमन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिम निर्देशक समिति रहनेछः

(क) मुख्यमन्त्री — संयोजक

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग — सदस्य

मधेश प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
जनकपुरधाम, नेपाल

(ग) सदस्य (सबै), प्रदेश नीति तथा योजना आयोग — सदस्य

(घ) प्रदेश सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय — सदस्य

(ङ) प्रदेश सचिव, अर्थ मन्त्रालय — सदस्य

(च) प्रदेश सचिव (सबै), विषयगत मन्त्रालयहरू — सदस्य

(छ) प्रदेश अध्यक्ष, नगरपालिका संघ र गाउँपालिका रा.महासंघ — सदस्य

(ज) सचिव, प्रदेश नीति तथा योजना आयोग — सदस्य सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजना बैंकको दिगो व्यवस्थापन, प्रभावकारी सञ्चालन, गुणस्तर निर्धारण तथा कार्यान्वयन सम्बन्धी नीतिगत निर्णय, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्ने,

(ख) आयोजना बैंक र स्थानीय तहका आयोजना बैंकहरूबीच नीतिगत सामञ्जस्यता तथा एकरूपता कायम गर्ने,

(ग) आयोजना बैंक सञ्चालनको नियमित सुपरिवेक्षण गरी मार्गदर्शन गर्ने,

(घ) आयोजना बैंक सञ्चालनमा आएका समस्याहरूको समाधान गर्ने,

(ङ) आवश्यकता अनुसार अन्तर मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने।

(च) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमसँग आयोजना बैंकको आवद्धता र एकरुपता कायम हुने व्यवस्था मिलाउने।

(३) निर्देशक समितिको बैठक प्रत्येक चार महिनामा एक पटक बस्नेगरी वर्षमा कम्तिमा तीन पटक बस्नेछ। आवश्यकता अनुसार समितिको बैठक जुनसुकै बेला बस्न सक्नेछ।

(४) निर्देशक समितिले आवश्यकता अनुसार विषयक्षेत्रगत समिति तथा उपसमिति गठन गर्न सक्नेछ। समिति तथा उपसमितिको कार्यविवरण निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(७) आयोजना बैंक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्देशक समितिले दिएको निर्देशन प्रदेशका सबै मन्त्रालय, आयोग, प्रतिष्ठान, निर्देशनालय, कार्यालय लगायतका निकायले पालना गर्नुपर्नेछ।

६. <u>आयोजना बैंकमा आयोजना प्रविष्टि र कार्यान्वयनः</u> (१) आयोजना बैंकका लागि आयोजना प्रविष्टि गर्न आवश्यक विवरण तथा कागजात तयार गरी निर्धारित समयमै पेश गर्नु, गराउनु सम्बन्धित विषयगत मन्त्रालयका सचिव तथा अन्य निकायको हकमा कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना बैंकमा समावेश गर्ने आयोजनाहरू देहाय अनुसार हुनेछन:

(क) प्रदेश सरकारले स्वीकृत वा घोषणा गरेका प्रदेश गौरवका तथा दीर्घकालीन महत्वका रणनीतिक आयोजनाहरू,

(ख) प्रदेशको सहभागितामूलक योजना तर्जुमा विधिबाट पहिचान भएका तथा लगानीयोग्य आयोजनाका रुपमा पहिचान भएका आयोजनाहरू,

(ग) प्रदेश स्तरीय विकास समस्या समाधान समिति, उपसमिति वा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिबाट पहिचान भएका आयोजनाहरू,

स्पष्टिकरण: यस खण्डको प्रयोजनको लागि "प्रदेश स्तरीय विकास समस्या समाधान समिति, उपसमिति वा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति" भन्नाले मधेश प्रदेश अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०८१ बमोजिम गठित प्रदेश विकास समस्या समाधान समिति, उपसमिति वा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिलाई बुझाउनेछ।

(घ) प्रदेश सरकारको लागत साझेदारीमा स्थानीय तह वा विकास साझेदार निकायबाट सञ्चालनका लागि प्रस्ताव भएका आयोजनाहरू,

(ङ) प्रदेश सरकारसँगको साझेदारीमा निजीक्षेत्रबाट सार्वजनिक निजी साझेदारीमा सञ्चालनका लागि प्रस्ताव भएका आयोजनाहरू,

(च) क्रमागत वा निर्माणाधिन आयोजनाहरू,

(३) उपदफा (२) बमोजिम आयोजना बैंकमा आयोजना प्रविष्टि गर्न परिच्छेद ३ बमोजिमका मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(४) सम्बन्धित मन्त्रालय तथा कार्यालयले आयोजना बैंकमा प्रविष्ट भएकामध्ये प्राथमिकताका आधारमा आफ्नो बजेट सीमा अन्तर्गत समावेश गर्न सकिने आयोजनालाई बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयनमा लैजानु पर्नेछ।

(५) उपदफा (३) मा उल्लेख भएबमोजिम आयोजना बैंकमा प्रविष्ट भएका आयोजनालाई सम्बन्धित मन्त्रालय/निकायले प्रदेशको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा आयोजना समावेश गर्नुपर्नेछ।

## परिच्छेद - ३

## आयोजना बैंकमा आयोजना प्रविष्टिका लागि पूरा गर्नुपर्ने चरणहरू

७. आयोजना पहिचानः (१) सम्बन्धित मन्त्रालय वा निकायले आफ्नो विषयक्षेत्रसँग सम्बन्धित विद्यमान समस्या, माग, आवश्यकता, अवसर तथा सम्भावनाको आधारमा आयोजना पहिचान गरिनेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएको आयोजनालाई प्रदेश सरकारको कार्यक्षेत्र, नीति, रणनीति र कार्यक्रमसँग आवद्ध गर्न सकिने भएमा उपलब्ध सूचना तथा तथ्याङ्क विश्लेषणका आधारमा सम्भावित आयोजनाका विकल्पहरू मध्ये उपयुक्त विकल्प पहिचान गरिनेछ।

(३) उपदफा (२) बमोजिम पहिचान गरिएका विकल्पहरूको अनुसूची १ बमोजिम पूर्वसम्भाव्यता अध्ययन गरी कार्यान्वयन योग्य भए नभएको निक्यौंल गरी उपयुक्त विकल्प छनोट गरिनेछ ।

(४) उपदफा (३) बमोजिम छनोट गरिएका आयोजनालाई अनुसूची २ मा तोकिएको ढाँचामा अवधारणा पत्र मन्त्रालयबाट निर्णय गरी आवश्यक विवरणहरू आयोजना बैंकमा प्रविष्टि गरी आयोगमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम आयोजना बैंकमा प्रविष्ट भएको अवधारणा पत्रको पहिलो चरणको विश्लेषणमा प्रदेशको कार्यक्षेत्र, आवधिक योजना तथा विषयगत रणनीतिक योजना, स्रोत, साधन र जनशक्तिका दृष्टिले प्रदेश सरकार स्वयं वा अन्य निकायसँगको सहकार्यमा कार्यान्वयन गर्न सकिने भएमा आयोगले उक्त आयोजनालाई थप अध्ययन, विश्लेषण तथा लेखाजोखा गर्न स्वीकृति प्रदान गर्नुपर्दछ।

८. आयोजना सम्भाव्यता अध्ययन तथा प्रस्ताव तयारी: (१) अवधारणापत्र स्वीकृत भएको आयोजनाको अनुसूची ३ बमोजिम सम्बन्धित मन्त्रालय वा मन्त्रालयसँगको समन्वयमा आयोगले सम्भाव्यता अध्ययन गर्नुपर्नेछ।

(२) सम्भाव्यता अध्ययन प्रतिवेदनको लेखाजोखाबाट उपयुक्त देखिएको आयोजना सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिसमा आयोगले स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको आयोजनामध्ये देहायका आयोजनाको सम्बन्धित मन्त्रालय वा निकायले अनुसूची ४ बमोजिम विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी सम्बन्धित मन्त्रालयस्तरीय निर्णयबाट स्वीकृत गर्नु पर्नेछ:

(क) पुँजीगत निर्माण आयोजना,

(ख) ठूला पूर्वाधार विकास आयोजना,

(ग) रूपान्तरणकारी आयोजना,

(घ) प्रदेश गौरवका आयोजना,

(ङ) सामाजिक पूँजी निर्माण आयोजना,

(च) समावेशी र सामाजिक उत्थानका ठूला आयोजना,

(छ) प्रदेशको आवधिक योजनामा प्राथमिकतामा परेका आयोजना,

(ज) दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्ने आयोजना,

(४) सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत आयोजना प्रतिवेदनका आधारमा सम्बन्धित मन्त्रालय वा आयोगले अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव तयार गरेर तथा विस्तृत आयोजना प्रतिवेदन आवश्यक नहुने आयोजनाको हकमा दफा ७ बमोजिमको अवधारणा पत्रका आधारमा प्रदेश आयोजना बैंकमा विस्तृत विवरण प्रविष्टि गरी नयाँ आयोजना प्रत्येक वर्ष आयोजना बैंकमा अद्यावधिक गर्नु पर्नेछ।

९. आयोजना प्रस्तावको लेखाजोखा: (१) आयोगले आयोजना बैंकमा प्रविष्टि भएको आयोजना प्रस्तावलाई यस निर्देशिका बमोजिम आवश्यक प्रक्रिया पुगे नपुगेको लेखाजोखा गर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखाजोखाबाट परिमार्जन गर्न आवश्यक ठहऱ्याएका आयोजना प्रस्तावलाई सुझावसहित सम्बन्धित मन्त्रालय वा निकायमा फिर्ता पठाउनेछ। यसरी फिर्ता प्राप्त

आयोजना प्रस्ताव वा अवधारणा पत्रलाई सम्बन्धित मन्त्रालय वा निकायले परिमार्जन गरी पुनः पेश गर्नुपर्नेछ।

## परिच्छेद - ४
## आयोजनाको प्राथमिकीकरण र छनौट

१०. <u>आयोजना प्राथमिकीकरण:</u> (१) सम्बन्धित मन्त्रालय वा निकायले आयोजना बैंकमा सूचीकृत गरेका आयोजना प्रस्ताव तथा अवधारणालाई अनुसूची ६ अनुसारको आधारमा अंकभार प्रदान गर्नु पर्नेछ। प्राथमिकीकरणका लागि सबै क्षेत्रमा लागू हुने गरी कुल ७० अङ्कभार रहेको सातवटा सामान्य आधार तथा पाँचवटा मध्ये हरेक विषयक्षेत्रका लागि कूल ३० अङ्कभारका दरले छुट्टाछुट्टै दुईवटा क्षेत्रगत आधार तय गरी कुलजम्मा १०० अङ्कभार निर्धारण गरिने छ।

(२) आयोजनाको प्राथमिकता निर्धारण गर्दा उपदफा (१) बमोजिमको सामान्य र विषय क्षेत्रगत आधारहरूको कुल प्राप्ताङ्क ७५ भन्दा बढी भएमा प्रथम प्राथमिकता प्राप्त (Priority 1 – पी १ ) र कुल प्राप्ताङ्क ७५ भन्दा कम भएमा द्वितीय प्राथमिकता प्राप्त (Priority 2 – पी २) गरी २ वटा प्राथमिकताक्रममा वर्गीकरण गरिनेछ।

द्रष्टव्यः उपदफा (२) मा उल्लेख गरिएको आधार बमोजिम वर्गीकरण गर्दा कुनै विषय क्षेत्रमा दुई तिहाईभन्दा बढी आयोजना पी १ अन्तर्गत परेमा पी १ हुनको लागि आवश्यक न्यूनतम अङ्क परिमार्जन गरी प्राथमिकीकरण वा स्तरीकरण (Ranking) गर्नुपर्नेछ ।

११. <u>आयोजना छनौट:</u> (१) आयोजना बैंकमा समावेश भएका आयोजना मध्ये कार्यान्वयनका लागि दफा १० बमोजिम पहिलो प्राथमिकता (पी१) का आयोजना छनोट गर्नुपर्नेछ।

(२) निर्देशक समितिले निर्धारण गरेको विषयगत बजेटको सीमाभित्र रहने गरी सामाजिक पूँजी निर्माण र भौगोलिक, समाजिक र आर्थिक लगायतका समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरूको सन्तुलन मिलाउन आयोजना बैंकमा समावेश भएका दोस्रो प्राथमिकता (पी२) का आयोजना तथा कार्यक्रम पनि छनोट गर्न सकिनेछ।

१२. <u>आयोजना सुचीलाई अन्तिम रुप दिनुपर्ने:</u> (१) आयोजना बैंकमा प्रविष्ट भइ विषय क्षेत्रगत रूपमा प्राथमिकता निर्धारण भएका अनुसूची ७ बमोजिमको आयोजना सूचीलाई निर्देशक समितिमा विस्तृत छलफल पश्चात अन्तिम रूप प्रदान गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारबाट स्वीकृत आयोजनाहरूको सूचीलाई मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत स्रोत अनुमानका आधारमा मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिनेछ।

१३. <u>अधुरा आयोजनाको पुनर्मूल्यांकन गर्नुपर्नेः</u> (१) सम्वन्धित मन्त्रालय वा निकायले यो निर्देशिका जारी हुनुपूर्व अधुरा रहेका आयोजनाहरू पुनःमूल्यांकन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुनःमूल्याङ्कनवाट कार्यान्वयन गर्न उपयुक्त ठहरिएका आयोजना आयोजना वैंकमा समावेश गरी कार्यान्वयन गर्न सकिनेछ।

## परिच्छेद - ५

## <u>आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली</u>

१४. <u>सफ्टवेयर तयार गर्नसक्नेः</u> (१) आयोगले यस निर्देशिकालाई कार्यान्वयन गर्न आयोगको पूर्णस्वामित्व हुनेगरी राष्ट्रिय योजना आयोगले प्रदान गरेको सफ्टवेयर वा आयोग स्वयंले नयाँ सफ्टवेयर निर्माण गरी प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सफ्टवेयरमा साइवर सुरक्षा प्रणाली र नियमित एवं भरपर्दो ब्याकअपको व्यवस्था हुने सुनिश्चित गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सफ्टवेयरमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा अन्तिम रुप प्राप्त गरेका आयोजनाको विवरण स्वतः प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा समेत अद्यावधिक हुनेगरी दुवै प्रणाली बीचमा अन्तर आवद्धता कायम हुने व्यवस्था गर्नु पर्नेछ।

(४) आयोगले सम्बन्धित मन्त्रालय वा निकायले प्रयोगमा ल्याएका अध्ययन, अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदनसँग सम्वन्धित विद्युतीय सूचना प्रणालीमा रहेको विवरणलाई यस प्रणालीमा स्वतः अद्यावधिक हुने गरी दुवै प्रणालीबीच अन्तरआबद्धता कायम हुने व्यवस्था मिलाउनु पर्नेछ।

१५. <u>आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षाः</u> (१) आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा गर्नु सबै मन्त्रालय/निकाय तथा आयोगको कर्तव्य हुनेछ। यसका लागि सुरक्षाका निम्न उपायहरू अवलम्वन गर्नुपर्नेछः

(क) मन्त्रालय/निकाय तथा आयोगले तोकेको व्यक्तिले बाहेक अन्य व्यक्तिले आयोजना बैंकमा प्रविष्ट र अद्यावधिक कार्य नगर्ने, नगराउने,

(ख) मोबाइल वा साइबर क्याफे आदिबाट आयोजना बैंकमा सूचना प्रविष्ट, सम्पादन, स्वीकृत, पेस लगायतका कार्य नगर्ने, नगराउने,

(ग) पासवर्ड समय समयमा परिवर्तन गर्ने, गराउने,

(घ) आयोजना बैंक संचालन गरिने कम्प्युटरको नियमित रुपमा सिस्टम अपडेट र भाइरस स्क्यान र फायर वालको व्यवस्था गर्ने, गराउने,

(ङ) आयोजना बैंक संचालन गरिने कम्प्युटरमा ह्याकिङ टुलहरूको प्रयोग नगर्ने, नगराउने,

(च) सूचना प्रणालीको प्रयोग गरेपछि हरेक पटक लग आउट गर्ने, गराउने ।

(२) आयोगले सूचना व्यवस्थापन प्रणाली सञ्चालन गर्ने जनशक्तिलाई साइबर सुरक्षा प्रणाली सम्बन्धी अभिमुखीकरण गर्नुपर्नेछ ।

## परिच्छेद - ६
## विविध

१६. <u>आयोजना लागतको सीमा:</u> आयोजना बैंकमा समावेश भएका प्रदेशले सञ्चालन गर्ने पूर्वाधार विकास, सामाजिक पूँजी निर्माण, आर्थिक विकास, मर्मतसम्भार लगायतको लागतको सीमा नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत आयोजना वर्गीकरण आधार तथा मापदण्डका आधारमा प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

१७. <u>विशेष परिस्थितिका आयोजना:</u> (१) सम्बन्धित मन्त्रालय वा निकायले देहाय बमोजिमका विशेष परिस्थितिका आयोजना यस निर्देशिकाले तोकेको प्रक्रिया पूरा नगरी सोझै कार्यान्वयन गर्न सक्नेछन्:

(क) विपद्को अवस्थामा गरिने खोज, उद्धार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनर्निर्माण सम्वन्धी आयोजना,

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(ग) संकटकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(घ) प्रदेश सरकारले विशेष परिस्थितिमा निर्णय गरी तोकेका अन्य आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिम सोझै कार्यान्वयन गरिएका आयोजना समेत अभिलेखका लागि प्रदेश आयोजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

१८. अभिमुखीकरण गर्नेः आयोगले योजना बनाउने कार्यमा सहयोग गर्ने जनशक्तिलाई प्रदेश आयोजना बैंकमा आयोजना प्रविष्ट हुने चरण, प्रक्रिया, पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन लेखन्, आयोजना अवधारणा पत्र तथा प्रस्तावको ढाँचा, सम्भाव्यता अध्ययन प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदनको तयारी, आयोजना प्रस्तावको ढाँचा तथा आयोजना प्राथमिकीकरण सम्वन्धमा आवश्यकता अनुसार अभिमुखीकरण तालिम वा कार्यशाला गोष्टी संचालन गर्न सक्नेछ।

१९. प्रतिवेदन सम्बन्धी व्यवस्थाः (१) आयोजना बैंकमा भएका आयोजनाको सम्वन्धित मन्त्रालय वा निकायले अर्धवार्षिक तथा वार्षिक रूपमा प्रगति विवरण आयोजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ।

(२) आयोजनाको विकास तथा कार्यान्वयनका क्रममा तयार हुने आयोजना सम्वन्धी दस्तावेज र मूल्याङ्कन प्रतिवेदनहरू सम्बन्धित मन्त्रालयले आयोजना बैंकमा अभिलेखीकरण हुने व्यवस्था मिलाउनु पर्नेछ।

(३) आयोगको वार्षिक प्रतिवेदनमा आयोजना बैंक सम्बन्धमा भए गरेका कार्यको विवरणलाई समावेश गर्नुपर्नेछ।

२०. आयोजना बैंकमा पहुँचः (१) संघ र स्थानीय तहको आयोजनासँग दोहोरोपन हुन नदिन कार्यालय प्रयोजनका लागि सूचना एवम् विवरण उपलब्ध गराउन सकिनेछ । कुनै आयोजना बारे विषयविज्ञ, अध्ययन अनुसन्धानकर्ता र सरोकारवालाबाट प्राप्त हुने अध्ययन, विश्लेषणको प्रतिवेदन तथा सुझावका माध्यमबाट आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन सम्बन्धित विषयगत मन्त्रालयसँगको समन्वयमा आवश्यक सूचना उपलब्ध गराउन बाधा पर्ने छैन।

(२) आयोजना बैंक समावेश भएका आयोजनाको बारेमा सर्वसाधारणको जानकारीको निम्ति आयोगको वेभसाइटमा राखिने छ । तर आयोजनाको अनुमानित लागत बजेट लगायत अन्य आवश्यक विवरण बाहेक संक्षिप्त विवरण मात्रै प्रकाशित वा सूचना उपलब्ध गराईने छ।

२१. निर्देशन दिन सक्नेः प्रदेश आयोजना बैंक र स्थानीय तहको आयोजना बैंकहरूका बीच सामञ्जस्य कायम गर्न निर्देशक समितिले आयोग तथा स्थानीय तहलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२२. बाधा अड्काउ फुकाउः यस निर्देशिकामा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने भएमा वा कार्यान्वयनमा कुनै समस्या आइपरेमा प्रदेश नीति तथा योजना आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची १: पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा र विषयवस्तुहरू

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

१. कार्यकारी सारांशः पूर्व सम्भाव्यता अध्ययनका मूख्य निष्कर्ष र सिफारिसहरू उल्लेख गर्ने।

२. आयोजनाको पृष्ठभूमि:

(क) आयोजनाको परिचयः आयोजनाको नाम, स्थान, कार्यक्षेत्र, मूख्य विशेषता (कम्पोनेण्ट), लक्षित समूह,

(ख) आयोजनाको उद्देश्यः

(ग) द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कका आधारमा आयोजनासँग सम्वन्धित विषयक्षेत्रको वर्तमान अवस्थाको सामान्य विश्लेषण,

(घ) आयोजना क्षेत्र र लाभग्राहीहरूको विकासका सूचकहरूको अवस्थाको विश्लेषण,

(ङ) आयोजनाको मागको अवस्था, आवश्यकता र औचित्यका आधारहरूको लेखाजोखा,

(च) आयोजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतिको विश्लेषण,

(छ) आयोजनासँग सम्बन्धित नीतिगत र कानुनी मापदण्डको अवस्था,

(ज) स्थानीय सरोकारका विषय तथा कार्यान्वयका अन्य चुनौति

३. अध्ययन विधिः तथ्याङ्कको स्रोत, तथ्याङ्क विश्लेषणका विधि, अध्ययनमा प्रयोग भएका विधि, औजार तथा सुत्र उल्लेख गर्ने।

४. नीतिगत तादात्म्यता: मौजुदा कानून, राष्ट्रिय तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम, गुरुयोजना, कार्ययोजना, प्रादेशिक तथा स्थानीय मापदण्ड आदिसँग आयोजनाको तादात्म्य तथा सामञ्जस्यता उल्लेख गर्ने।

५. पूर्व सम्भाव्यता विश्लेषण:

(क) प्रारम्भिक प्राविधिक विश्लेषण

(ख) प्रारम्भिक आर्थिक वा वित्तीय विश्लेषण

(ग) बजार मागको सामान्य विश्लेषण

(घ) वातावरणीय तथा सामाजिक प्रभावको सामान्य विश्लेषण

(ङ) जलवायु उत्थानशील तथा विपद् जोखिम विश्लेषण

(च) लैङ्गिक तथा सामाजिक समावेशीकरणको प्रारम्भिक विश्लेषण

(छ) लागत अनुमान, लगानीको स्रोत तथा ढाँचा

(ज) आयोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ति वा सहमति

(झ) आयोजनाको दिगो विकास लक्ष्यमा योगदानको विश्लेषण

(ञ) आयोजना सञ्चालनको स्वीकृति तथा अनुमति पत्र आवश्यक पर्ने भए सो प्राप्त हुने आधार

६. कार्यान्वयन तथा सञ्चालनको ढाँचाः आयोजना कुन तहबाट, कुनकुन क्षेत्र/निकायको संलग्नतामा, कसरी कार्यान्वयन गरिन्छ? त्यसको संक्षिप्त विवरण उल्लेख गर्ने।

७. अध्ययनको सिफारिस तथा सुझाव

(क) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त छ वा छैन,

(ख) आयोजना विकास तथा कार्यान्वयन गर्न उपयुक्त भए कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा संस्थागत संरचनाको प्रारम्भिक खाका,

(ग) आयोजना कार्यान्वयन गर्दा प्रादेशिक तथा स्थानीय सरोकारका विषय तथा कार्यान्वयनका अन्य चुनौति र तिनलाई संम्वोधन गर्ने उपायहरू।

८. अनुसूचीहरू

सन्दर्भ सामग्रीहरू

## अनुसूची २: आयोजना अवधारणा पत्र तथा प्रस्तावको ढाँचा

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

१. प्रस्ताव तयार गर्ने निकायको नाम:

२. आयोजनाको परिचय

(क) आयोजनाको नामः

(ख) लक्ष्यः

(ग) उद्देश्यः

(घ) कार्यान्वयन अवधि सुरु आ.वः समाप्ति आ.वः

(ङ) कार्यान्वयन हुने क्षेत्रः जिल्लाः गाउँपालिका/नगरपालिकाः

३. आयोजनाको कुल लागत

(क) विकास तथा निर्माण लागतः

(ख) संचालन लागतः

(ग) अन्य लागतः

४. वित्तीय स्रोतः

५. अपेक्षित प्रतिफलः

६. आयोजनाको प्रमुख क्रियाकलापः

७. आयोजनाको वित्तीय र आर्थिक विश्लेषणः

८. आयोजना कार्यान्वयन तथा खर्च योजनाः

९.आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्रीः

१०. आयोजना संचालन प्रस्तावः

११. संचालन प्रवन्धः

(क) खर्च अनुमानः (करिव ३ वर्षको)

(ख) उपभोक्तावाट संचालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्नेः

(ग) सम्भावित आय आर्जनः (कम्तीमा ३ वर्षको)

पदाधिकारीको नाम:

पदः

दस्तखत:

मिति:

## अनुसूची ३: सम्भाव्यता अध्ययन प्रतिवेदनको खाका

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

१. कार्यकारी सारांश

आयोजनाको सम्भाव्यताको अध्ययनबाट प्राप्त मुख्य प्राविधिक विश्लेषण, लागत र प्रतिफलको अवस्था, लगानीको स्रोत, कार्यान्वयनका विविध पक्षहरूको सारांश सहितको सिफारिस संलग्न हुनुपर्नेछ।

२. आयोजनाको अवस्थित सन्दर्भको विश्लेषण

हालको संस्थागत ढाँचा सहित आयोजनाको सान्दर्भिकताको समिक्षा गर्ने। आयोजना सम्बन्धित क्षेत्र/उप-क्षेत्र र राज्य वा निजी क्षेत्रको सम्वन्धित भूमिकाहरूमा सरकारको नीति र विविध आर्थिक विषयगत क्षेत्रको भुमिकावारेमा विश्लेषण गर्ने। प्रस्तावित आयोजनाको विगतमा भएका प्रयासहरूको वारेमा संक्षिप्त विवरण उल्लेख गर्ने। प्रारम्भिक वा अघिल्लो अध्ययनका निष्कर्ष, पूर्व-सम्भाव्यता अध्ययन सहित पुन:अवलोकन गर्ने।

३. आयोजना विकल्पहरूको जाँच

प्रस्तावित आयोजनाको तुलनात्मक उत्तमताको विश्लेषण गरी आयोजनामा सुधार गर्न सकिने पक्षहरूसहितको विविरण राख्ने। प्रस्थावित आयोजनाको प्राविधिक, आर्थिक र सेवा प्रवाहको तुलनामा निकतम विकल्पको विश्लेषण समेतको वैकल्पिक आयोजनाहरूको वारेमा विश्लेषण प्रस्तुत गर्ने।

४. बजार मूल्याङ्कन र माग विश्लेषण

प्रस्तावित आयोजनाको विस्तृत मुल्याङ्कन र आयोजना वा आयोजनाको सेवाप्रवाहको मागको विश्लेषण सहितको विवरण उल्लेख गर्ने। सम्भावित नतिजा र खराव अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने। सम्भावित नतिजा र खराव अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने।

५. प्राविधिक अध्ययन र परियोजना लागत अनुमान

परियोजनाको इन्जिनियरिङ र गैर-इन्जिनियरिङ पक्षहरूको प्राविधिक विवरण विस्तृतरुपमा उल्लेख गर्ने। यसले परियोजनाको प्राविधिक सम्भाव्यता र विकल्पहरू मूल्याङ्कन गर्न प्राविधिक र प्राविधिक अध्ययनहरूलाई संक्षेपमा प्रस्तुत गर्ने। विस्तृत अध्ययन सम्भाव्यता अध्ययनमा जोडिनुपर्छ। आयोजना संचालनको लागत अनुमान र क्षेत्रगत लागत इकाइ सहित विस्तृत विवरण

प्रस्तुत गर्ने। प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले तोकेको मापदण्ड बमोमजिकको प्रतिवेदन तयार गर्नुपर्नेछ।

६. आर्थिक विश्लेषण वा वित्तीय विश्लेषण

प्रस्तावित आयोजनाको आर्थिक वा वित्तीय विश्लेषणको विवरण प्रस्तुत गर्ने। जसमा लागत लाभको विश्लेपण, ठूला आयोजनाहरू ५० करोड भन्दा बढीका आयोजनाको हकमा आर्थिक विश्लेपण गर्नुपर्ने छ।

७. जोखिम विश्लेषण र व्यवस्थापन

परियोजनाको जोखिमको मुख्य स्रोतहरूको पहिचान गर्ने, आर्थिक सम्भाव्यता र वित्तीय कार्यसम्पादन र तिनीहरूको सम्भावना र प्रभावको मूल्याङ्कन गर्ने। यदि जोखिमहरू अवस्थित छन् भने, न्यूनीकरणका र प्रतिक्रियाशील उपायहरू सहित प्रमुख जोखिमहरूको व्यवस्थापन गर्न योजना प्रस्तुत गर्ने।

८. वातावरणीय र सामाजिक प्रभावहरू

परियोजनाको वातावरणीय र सामाजिक, दुवै सकारात्मक र नकारात्मक प्रभावहरू बारेमा विश्लेषण गर्ने। वातावरणीय अध्ययन प्रतिवेदनको आवश्यकता हुने आयोजनाको हकमा विस्तृत अध्ययनको संक्षिप्त विवरण प्रस्तुत गर्ने। सम्भाव्यता अध्ययन प्रतिवेदनमा पूर्ण वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनहरू समावेश गर्ने।

९. कार्यान्वयन र परिचालन व्यवस्था

परियोजना कार्यान्वयन र/वा सञ्चालनका लागि जिम्मेवार संस्था (हरू) को क्षमता मूल्याङ्कन प्रस्तुत गर्ने। विस्तृत आयोजना, स्वीकृति, र निर्माणको मुख्य कामहरूको संकेत गर्दै परियोजना कार्यान्वयनको लागि रूपरेखा तयार गरी कार्यतालिका प्रस्तुत गर्ने। आयोजना संचालन, सम्पन्न र सेवाप्रवाहको अवस्थासम्मको स्वामित्व र मर्मत संभारको जिम्मेवारी लागि संगठनात्मक व्यवस्था र जिम्मेवारी बाँडफाँडको प्रारम्भिक खाका तयार गर्ने।

१०. परियोजना सम्भाव्यता निष्कर्ष

परियोजनाको प्राविधिक र आर्थिक सम्भाव्यता, यसको दिगोपन र सम्बद्ध जोखिमहरू सम्बन्धी निष्कर्षमा पुग्नको लागि अघिल्लो विश्लेषणका निष्कर्ष सहितको आधारमा आयोजना कार्यान्वयन गर्नका लागि योजना बैंकमा समावेश गर्न उपयुक्त भए वा नभएको निर्कोल सहितको सिफारिस गर्नुपर्नेछ।

## अनुसूची ४: विस्तृत परियोजना प्रतिवेदनको खाका

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

### १. विषय क्षेत्रगत मूल्याङ्कन

विषय क्षेत्रगत कार्यसम्पादन र प्रवृत्ति, प्रमुख समस्याहरू, अवसर, मुद्दा र अवरोधहरू; क्षेत्र रणनीति र मार्गचित्र, परियोजनाको तर्क र औचित्य आदिको विवरण प्रस्तुत गर्ने।

### २. परियोजना विवरण

आयोजना/परियोजना परिभाषा: भौगोलिक स्थान, सेवाग्राही, परियोजना परिणाम, परियोजना विकल्प र उत्तम विकल्पको चयन, आयोजना ढाँचा।

### ३. विस्तृत परियोजना अनुसन्धान र सर्वेक्षण

भू-प्राविधिक अध्ययन, जलविज्ञान अध्ययन, टोपोग्राफिक सर्वेक्षण र नक्साङ्कन, सामग्री सर्वेक्षण, बजार सर्वेक्षण, आधारभूत अध्ययन र माग पूर्वानुमान, आदि।

### ४. विस्तृत ईन्जिनियरिङ् डिजाइन

ईन्जिनियरिङ् परीक्षणहरू, भौतिक मोडेलिङ र कम्प्युटर सिमुलेशनहरू मार्फत लागू हुने अनुसार, भौगोलिक, हाइड्रोलोजिकल, र अन्य प्राविधिक जोखिमहरू मूल्याङ्कन गरेर डिजाइन निर्देशहरू र इन्जिनियरिङ डिजाइन प्यारामिटरहरू। आयोजना डिजाइन, परियोजनाको खाका तयार गर्ने, सपार्ट पार्टको प्राविधिक डिजाइन, प्राविधिक विशिष्टता, विल अफ क्वान्टिटी र विस्तृत आयोजना संचालन खाका।

### ५. विस्तृत लागत अनुमान

विभिन्न कम्पोनेन्ट रकमको विल र सामग्रीको विल, एकाइ लागत विश्लेषण, लागतको सारांश र व्यय वर्गहरू द्वारा विस्तृत लागत अनुमानहरू, जस्तै, सिभिल कार्य, मेसिनरी र उपकरण, जग्गा अधिग्रहण, पुनर्स्थापना र पुनर्वास, परामर्श सेवा, भौतिक र आकस्मिक मूल्यहरू, लागू करहरू (भ्याट, अन्तःशुल्क)।

### ६. विस्तृत परियोजना तालिका

The Work Breakdown Structure (WBS) विधीबाट आयोजनाको बारेमा लक्ष तोक्न, कोसेढुङ्गा, मुख्य निर्माण तालिका र लागत अनुमान गर्न सजिलो हुन्छ। खरिद प्रक्रियादेखि योजनाको कार्यान्वयन नहरसम्मको तालिका निर्माण गर्दा आयोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न सजिलो हुन्छ।

७. कार्यान्वयन योजना

आयोजना कार्यान्वयन रणनीति र कार्यान्वयन व्यवस्था, प्रारम्भ र पूरा हुने मितिहरू सहित परियोजना निर्माण अवधि, कार्यसम्पादन अनुगमनका मुख्य कार्यसम्पादन सूचकांक प्रयोग गरेर, मूल्याङ्कन र प्रतिवेदन, सरोकारवाला सञ्चार रणनीति, परियोजना व्यवस्थापन सूचना प्रणाली, क्षमता विकासगरी कार्ययोजना तयार गरीनेछ ।

८. लगानीको चरण

कार्यान्वयन योजना र विस्तृत परियोजना तालिकामा आधारित।

९. विस्तृत आर्थिक र वित्तीय विश्लेषण

वित्तीय र आर्थिक व्यवस्था र दिगोपन, परियोजनाको समष्टि आर्थिक प्रभाव; वितरण र गरिवी प्रभाव विश्लेषण।

१०. वातावरण र सामाजिक प्रभाव अध्ययन र व्यवस्थापन योजना

नेपाल सरकार, विकास साझेदारहरू र नियामक निकायको आवश्यकता अनुसार। वातावरण र सामाजिक प्रभाव अध्ययन र व्यवस्थापन गर्नुपर्ने योजनाको हकमा नेपाल सरकारद्वारा तयार गरेको नर्म्स वमोजिम गर्नु पर्नेछ।

११. विस्तृत वित्तीय योजना

पूंजीगत व्यय, ऋण, इक्विटी व्यवस्थाको के कस्तो असर र आवश्यकता पर्दछ भन्ने कुराको विस्तृत वित्तीय योजनामा खुलाउनु पर्नेछ।

१२. जोखिम मूल्यांकन र जोखिम व्यवस्थापन योजना

निर्माण जोखिम, परिचालन जोखिम, लागत ओभररन, व्यवस्थापन जोखिम, विध्वस्त जोखिम।

१३. खरिद योजना

खरिद रणनीति, अनुबंध प्याकेजिङ, खरीद विधि, खरीद योजना; खरिदका लागि दायरा र सन्दर्भको सर्त (TOR) मा विस्तृत उल्लेख गर्नु पर्नेछ ।

१४. आयोजना संचालन र व्यवस्थापन खाका

आयोजना संचालन र व्यवस्थापनको लागि विस्तृत खाका तयार गर्ने। कुन कुन मन्त्रालय, निर्देशनालय वा जिल्लास्थित डिभिजन कार्यालय वा निकायको संलग्नतामा आयोजना कार्यान्वयन गर्ने र कसको के जिम्मेवारी के हुने र अन्तरसरकार समन्वय कसरी गर्ने भन्ने कुरा विस्तृतमा उल्लेख गर्ने।

## अनुसूची ५: आयोजना प्रस्तावको ढाँचा

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

१. प्रस्ताव तयार गर्ने निकायको नाम:

२. आयोजनाको परिचय

(क) आयोजनाको नाम:

(ख) लक्ष्य:

(ग) उद्देश्य:

(घ) कार्यान्वयन अवधि सुरु आ.व: समाप्ति आ.व:

(ङ) कार्यान्वयन हुने क्षेत्र: जिल्ला: गाउँपालिका/नगरपालिका:

३. आयोजनाको कुल लागत

(क) विकास तथा निर्माण लागत:

(ख) संचालन लागत:

(ग) अन्य लागत:

४. वित्तीय स्रोत:

५. अपेक्षित प्रतिफल:

६. आयोजनाको प्रमुख क्रियाकलाप:

७. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण:

८. आयोजना कार्यान्वयन तथा खर्च योजना:

९.आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री:

१०. आयोजना संचालन प्रस्ताव:

११. संचालन प्रवन्ध:

(क) खर्च अनुमान: (करिव ३ वर्षको)

(ख) उपभोक्तावाट संचालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने:

(ग) सम्भावित आय आर्जन: (कम्तीमा ३ वर्षको)

पदाधिकारीको नाम:

पद:

दस्तखत:

मिति:

## अनुसूची ६: आयोजना प्राथमिकीकरणका आधार र मूल्याङ्कन अंकभार

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

### १. प्राथमिकता निर्धारणका आधार

(क) सामान्य आधार (७० अङ्क)

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमार्फत तीब्र, दिगो र रोजगारमूलक समावेशी आर्थिक वृद्धिमा योगदान पुर्‍याउने: | (१५ अङ्क) |
| क | प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आयवृद्धिमा प्रत्यक्ष वा उच्च योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | कम वा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | योगदान नपुर्‍याउने | न्यून (०) |
| २. | दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने: | (१० अङ्क) |
| क | दिगो विकास लक्ष्यहरूको कुनै लक्ष्यमा प्रत्यक्ष तथा उच्च योगदान पुर्‍याउने | अति उत्तम (१०) |
| ख | दिगो विकास लक्ष्यको कुनै लक्ष्यमा अप्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | उत्तम (६) |
| ग | दिगो विकास लक्ष्य कुनै लक्ष्य कम वा सामान्य योगदान पुर्‍याउने | सामान्य(३) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (०) |
| ३. | सहभागिताको अवस्था: | (१० अङ्क) |
| क | नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही वा स्थानीय तह वा निजी क्षेत्र मध्ये कुनै एकको प्रत्यक्ष र उल्लेखनीय सहभागिता रहने | अति उत्तम (१०) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय सहभागिता रहने | उत्तम (६) |
| ग | माथिका विषयहरूमा कम वा सामान्य सहभागिता रहने | सामान्य(३) |
| घ | माथिका विषयहरूमा सहभागिता नरहने | न्यून (०) |
| ४. | समावेशीकरणमा योगदान: | (१० अङ्क) |
| (क) | क्षेत्रीय समावेशीकरणमा योगदान | (५ अङ्क) |
| क | मानव विकास सूचकाङ्कको ७०औं स्तरभन्दा पछिका जिल्लाहरूलाई प्रत्यक्ष योगदान पुर्‍याउने आयोजना तथा कार्यक्रम | अति उत्तम (५) |
| ख | मानव विकास सूचकाङ्कको ६५औंदेखि ६९औं स्तरसम्मका जिल्लाहरूलाई | उत्तम (३) |

| | | |
|---|---|---|
| | प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रम | |
| ग | मानव विकास सूचकाङ्कको ६०औंदेखि ६४औं स्थानमा रहेका जिल्लाहरूलाई प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रम | सामान्य (१) |
| घ | मानव विकास सूचकाङ्कको ५९औं स्थानमा रहेका जिल्लाहरूलाई प्रत्यक्ष योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रम | न्यून (०) |
| (ख) | सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा योगदान: | (५ अङ्क) |
| क | सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई प्रत्यक्ष र उल्लेखनीय मात्रामा योगदान दिने | अति उत्तम (५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तथा उल्लेखनीय रूपमा योगदान पुऱ्याउने | उत्तम (३) |
| ग | माथिका विषयहरूमा कम वा सामान्य योगदान पुऱ्याउने | सामान्य (१) |
| घ | माथिका विषयरुमा योगदान नपुऱ्याउने | न्यून (०) |
| ५. | आयोजनाको पूर्वकार्य प्रगति, सम्पन्न हुने लाग्ने समय वा कार्यान्वयन तयारी कार्य: | (१० अङ्क) |
| क | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रमका सन्दर्भमा: औसत भौतिक तथा वित्तीय प्रगति ८० प्रतिशत वा सो भन्दा माथि रहेको वा आगामी आ.व.मा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>नयाँ आयोजनाको सन्दर्भमा: आयोजना कार्यान्वयन तयारी कार्य पूरा भएको। | अति उत्तम (१०) |
| ख | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रम: औसत भौतिक तथा वित्तीय प्रगति ६५ देखि ७९ प्रतिशतसम्म रहेको वा आगामी दुई वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>नयाँ आयोजना: आयोजना कार्यान्वयन तयारी कार्य अन्तिम चरणमा रहेको। | उत्तम (६) |
| ग | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रम: औसत भौतिक तथा वित्तीय प्रगति ५० देखि ६४ प्रतिशतसम्म रहेको वा आगामी तीन वर्षमा आयोजना सम्पन्न हुने सुनिश्चित रहेको वा<br>नयाँ आयोजना: आयोजना कार्यान्वयन तयारी कार्य भइरहेको । | सामान्य (३) |
| घ | क्रमागत वा सालवसाली आयोजना वा कार्यक्रम: औसत भौतिक तथा वित्तीय प्रगति ४९ प्रतिशतभन्दा कम रहेको वा आगामी वर्षसम्ममा आयोजना सम्पन्न हुने सुनिश्चित नरहेको वा<br>नयाँ आयोजना: आयोजना कार्यान्वयन तयारी कार्य नभएको । | न्यून (०) |
| ६. | प्रदेशको अधिकार क्षेत्र तथा कार्यजिम्मेवारी: | (१० अङ्क) |
| क | प्रदेशको एकल अधिकार सूची 'संविधानको अनुसूची ६' मा उल्लेखित | अति उत्तम |

| | | |
|---|---|---|
| | विषयका आयोजना तथा कार्यक्रम | (१०) |
| ख | प्रदेशको साझा अधिकार सूची (संविधानको अनुसूची ७ र ९) अन्तरगत प्रदेशले कार्यसम्पादन गर्नुपर्ने विषयका आयोजना तथा कार्यक्रम | उत्तम (६) |
| ग | माथी उल्लेखित विषय बाहेक प्रदेशको जिम्मेवारीमा पर्ने अन्य विषयका आयोजना तथा कार्यक्रम | सामान्य(३) |
| घ | प्रदेशको कार्यक्षेत्रमा नरहेको वा निजीक्षेत्र आकर्षित हुनसक्ने आयोजना तथा कार्यक्रम | न्यून (०) |
| ७. | अपेक्षित लाभान्वित जनसंख्या | (५ अङ्क) |
| क | १५ हजारभन्दा बढी जनसंख्या प्रत्यक्ष लाभान्वित हुने आयोजना तथा कार्यक्रम | अति उत्तम (५) |
| ख | ५ देखि १५ हजारसम्म जनसंख्या प्रत्यक्ष लाभान्वित हुने आयोजना तथा कार्यक्रम | उत्तम (३) |
| ग | १ देखि ५ हजारसम्म जनसंख्या प्रत्यक्ष लाभान्वित हुने आयोजना तथा कार्यक्रम | सामान्य(१) |
| घ | १ हजारसम्म जनसंख्या प्रत्यक्ष लाभान्वित हुने आयोजना तथा कार्यक्रम | न्यून (०) |

(ख) क्षेत्रगत आधार

अ. आर्थिक क्षेत्रः (३० अङ्क)

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तर महत्वपूर्ण योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा नगण्य योगदान पुर्‍याउने | न्यून (०) |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | दिगो विकास लक्ष्य २ (शुन्य भोकमरी अन्त्य, खाद्य सुरक्षा तथा दिगो पोषण हासिल गर्ने, कृषिको प्रवर्द्धन गर्ने), लक्ष्य ८ (भरपर्दो समावेशी, दिगो आर्थिक वृद्धि गर्ने), लक्ष्य ९ (औद्योगीकरण प्रवर्द्धन गर्ने), लक्ष्य १५ (हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने) र राजस्व वृद्धि तथा खर्च व्यवस्थापन गर्ने कार्यमा प्रत्यक्ष तथा उच्च योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तर महत्वपूर्ण योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा नगण्य योगदान पुर्‍याउने | न्यून (०) |

आ. सामाजिक क्षेत्रः (१५ अङ्क)

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तर महत्वपूर्ण योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा नगण्य योगदान पुर्‍याउने | न्यून (०) |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | दिगो विकास लक्ष्य ३ (स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवस्तर प्रवर्द्धन गर्ने), लक्ष्य ४ (सबैका लागि समावेशी र समतामूलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्ने), लक्ष्य ५ (लैङ्गिक समानता हासिल गर्ने र महिला, किशोरी र बालिकाहरूको | अति उत्तम (१५) |

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| | सशक्तीकरण गर्ने), लक्ष्य ६ (खानेपानी र सरसफाइ सेवाको सुनिश्चितता गर्ने), लक्ष्य १० (असमानता न्यून गर्ने) कार्यमा प्रत्यक्ष तथा उच्च योगदान पुर्‍याउने | |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तर महत्वपूर्ण योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा नगण्य योगदान पुर्‍याउने | न्यून (०) |

(इ) पूर्वाधार क्षेत्रः (३० अङ्क)

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको पूर्वाधार क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | चालु आवधिक योजनाको पूर्वाधार क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष तर महत्वपूर्ण योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा नगण्य योगदान पुर्‍याउने | न्यून (०) |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | दिगो विकास लक्ष्य ७ (धान्न वा वेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सवैको पहुँच सुनिश्चित गर्ने), लक्ष्य ९ (समयानुकूल वा उत्थानशील पूर्वाधार निर्माण, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने), लक्ष्य ११ (शहर तथा मानव वस्तीहरूलाई सुरक्षित र दिगो वनाउने) | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (०) |

(ई) सुशासन क्षेत्रः (१५ अङ्क)

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको सुशासन क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | चालु आवधिक योजनाको सुशासन क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (०) |

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | दिगो विकास लक्ष्य १० (असमानता न्यून गर्ने), लक्ष्य १६ (शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैमा न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने), लक्ष्य १७ (दिगो विकास कार्यान्वयनका उपायहरू तथा साधनहरूलाई सुदृढ गर्ने) | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (0) |

(ञ) अन्तरसम्वन्धित क्षेत्रः (१५ अङ्क)

| क.सं. | विवरण | अवस्था |
|---|---|---|
| १. | चालु आवधिक योजनाको अन्तरसम्वन्धित क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | चालु आवधिक योजनाको अन्तरसम्वन्धित क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा प्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेख्य योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (0) |
| २. | दिगो विकासको क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदानः | (१५ अङ्क) |
| क | दिगो विकास लक्ष्य १ (गरिबीको अन्त्य गर्ने), लक्ष्य ८ (उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने), लक्ष्य १२ (दिगो उपभोग र उत्पादनका ढाँचाहरू सुनिश्चित गर्ने), लक्ष्य १३ (दिगो उपभोग र उत्पादनका ढाँचाहरू सुनिश्चित गर्ने) | अति उत्तम (१५) |
| ख | माथिका विषयहरूमा अप्रत्यक्ष र उल्लेखनीय योगदान पुर्‍याउने | उत्तम (१०) |
| ग | माथिका विषयहरूमा सामान्य वा कम योगदान पुर्‍याउने | सामान्य (५) |
| घ | माथिका विषयहरूमा योगदान नपुर्‍याउने | न्यून (0) |

## अनुसूची ७ : आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिने आयोजना सूची

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

(क) आयोजना सम्वन्धी सामान्य जानकारी

(ख) आयोजनाबारे जानकारी

(ग) भौतिक तथा वित्तीय प्रगति

(घ) आयोजनाको पूर्वतयारी

(ङ) आयोजनाको छनौटका आधारहरू

(च) आयोजना प्राथमिकीकरण अंक

(छ) आयोजना कार्यान्वयनको ढाँचा

(ज) आयोजनाको वित्तीय व्यवस्था

(झ) आयोजनाको व्यवहारिकता

(ञ) भूमि अधिग्रहणको अवस्था

(ट) आयोजनालाई गाभ्न, विस्तार गर्न वा समापन गर्नका लागि औचित्य

(ट) आयोजनाको जिम्मेवार व्यक्तिको सम्पर्क विवरण

(ड) कैफियत